जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट आ.ब. २०७७/७८ मा सम्पादित गतिबिधिहरु समाबेश गरी तयार गरिएको

जिल्ला प्रशासन बुलेटिन, बर्दिया

बर्षः ८ अंकः १ श्रावण २०७८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

फोन नं. ०८४-४२०१३३
०८४-४२०९५५
०८४-४२७०५५
०८४-४२७२४६
०८४-४२०१३२ फ्याक्स
Website: www.daobardia.gov.np
E-mail: info@daobardia.gov.np

पत्र संख्या :
चलानी नं. :

मन्तव्य:

जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट प्रदान गरिदै आएका सेवाहरु तथा आगामी दिनमा यस कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन कार्यालयले गर्ने सुधार योजना/वार्षिक योजनाको बारेमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्य एवम् सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सबै सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित सूचनाहरु अद्यावधिक गरी गत आ.ब. २०७७/७८ को जिल्ला प्रशासन बुलेटिन, बर्दिया २०७८ प्रकाशन गर्न पाउँदा खुशी लागेको छ ।

यस कार्यालयबाट गत आ.ब. २०७७/७८ भरी सम्पादन गरिएका कार्य प्रगतिहरुको बारेमा समीक्षा गर्ने र सम्बन्धित सरोकारवालाहरुबाट प्राप्त सुझाव समेतलाई समेटी आगामी दिनमा यस कार्यालयबाट प्रदान गर्ने/हुदै आएका सेवाहरुलाई थप चुस्त, दुरुस्त, प्रभावकारी, गुणस्तरीय एवम् नागरिकमैत्री बनाउन अर्धवार्षिक तथा वार्षिक रुपमा प्रकाशित भएपछि थप मद्दत पुग्ने कुरामा म आशावादी छु ।

सम्बन्धित सरोकारवालाहरुले यस कार्यालयबाट अर्धवार्षिक तथा वार्षिक प्रकाशित बुलेटिनहरु अध्ययन गरी महत्वपूर्ण सूझावहरु दिनु हुनेनैछ भन्ने अपेक्षा गर्दै आगामी दिनहरुमा समेत यस कार्यले निरन्तरता पाउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, यो बुलेटिन तयार गर्ने क्रममा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सुरक्षा निकायका प्रमुखहरु, जिल्लास्थित कार्यालय प्रमुखहरु तथा यस कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी एवम् सूचना अधिकारी श्री माधव प्रसाद शर्मा, प्र.अ. ओम प्रकाश देवकोटा, प्र.अ.श्री नारायणप्रसाद ढकाल र कम्प्यूटर अपरेटर श्री गंगाराम अधिकारी लगायत सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु ।

मितिः २०७८/०४/१३

सन्त बहादुर सुनार
प्रमुख जिल्ला अधिकारी, बर्दिया



बर्दिया जिल्लाको परिचय;

भारत संग झण्डै ८३ कि.मी. खुला सीमाना जोडिएको बर्दिया जिल्ला लुम्बिनी प्रदेशमा पर्दछ। यो जिल्लाको पूर्वमा बाँके, पश्चिममा कैलाली, उत्तरमा सुर्खेत र सल्यान तथा दक्षिणमा भारतको उत्तर प्रदेशको बहराईच जिल्ला पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल २०२५ वर्ग कि.मी. मध्ये दुई तिहाइ भन्दा बढी भू-भाग (६८.७६प्रतिशत) तराईको समथल जमिनले ओगटेको छ भने बाँकी भाग (३१.२४ प्रतिशत) चुरे पर्वत पर्दछ । बिगतमा आदीबासी थारुहरुको बाहुल्यता रहेको यो जिल्ला पछिल्ला दिनहरुमा बाहिरी जिल्लाहरुबाट बसाईसराईको क्रम बढेसंगै जातिय र साँस्कृतिक विविधता रहेको छ ।

बि.स. १९१४ मा भारतमा भएको सिपाही बिद्रोहको समस्या समाधान गर्न तत्कालीन प्रधानमन्त्री श्री ३ जंग बहादुर राणाले ईष्टईण्डिया कम्पनीलाई सहयोग गरेबापत बि.स. १८७३ को सुगौली सन्धीबाट गुमेको भू-भाग मध्ये बि.स. १९१७ मा बाँके, बर्दिया, कैलाली र कंञ्चनपुर नेपाललाई फिर्ता आएकोले बर्दिया लगाएत उल्लेखित जिल्लाहरु नयाँ मुलुकको रुपमा पनि चिनिन्छन । यस जिल्लाको नाम बर्दिया रहनुको पछाडी विभिन्न जनश्रुति, धार्मिक एवम् पौराणीक आख्यानहरु रहेको पाइन्छ । ती मध्ये केही यस प्रकार छन् ।

- थारु भाषामा गाईगोरु पाल्नेलाई बर्दवा भनिन्छ । बर्दिया जिल्लामा गाईगोरुलाई प्रशस्त चरनक्षेत्र भएकोले धेरै गाई गोरु पाल्ने र बर्दवाहरु धेरै बसोबास गर्ने भएकाले पछि बर्दवाबाट अपभ्रंस भई बर्दिया जिल्ला नामकरण रहेको हो भन्ने भनाई छ ।
- साविक पदनाहा गा.वि.स. हालको बारबर्दिया नगरपालिकामा वारबर्दिया भन्ने गाँउ छ, पहिले यसै ठाँउमा हरिहर उपाध्याय नामका जमिन्दारको ठूलो महल थियो । बर्दियामा खेतीको लागि उन्नत जमिन भएको कारण बाहिरबाट बसाई सराई गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो, अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्ला नामाकरण रहन गएको हो भन्ने भनाई छ ।

जैविक विविधता, दुर्लभ वन्यजन्तु कृष्णसार संरक्षण, देशकै ठूलो कर्णाली नदी, धार्मिक–भाषिक विविधता, अन्न भण्डार, विविध धार्मिक पर्यटकीय स्थल, धार्मिक साँस्कृतिक, सहिष्णु समाज समेतले बर्दियाको चिनारी दिइरहेको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बर्दिया, गुलरिया

सम्पर्क नं. ०८४-४२०१३३/४२००९५/४२०२७६/४२०१३२
DEOC ०८४-४२०९९९
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np,
daobardiya@gmail.com
DEOC email: bardiyadeoc@gmail.com

भौगोलिक अवस्थितिः

यस जिल्लाको भौगोलिक अवस्थालाई संक्षेपमा निम्न तालिकाबाट प्रस्तुन गर्न सकिन्छ ।

अक्षांस	उत्तरी अक्षाशं २८° १७' देखि २८° ३९' सम्म
देशान्तर	पूर्वी देशान्तर ८१° ३' देखि ८१° ४१' सम्म
पूर्व	बाँके जिल्ला
पश्चिम	कैलाली जिल्ला
उत्तर	सुर्खेत र सल्यान जिल्ला
दक्षिण	भारतको उत्तर प्रदेशको वहराईच जिल्ला
क्षेत्रफल	२०२५ वर्ग किलोमिटर
औषत लम्बाई	६४ किलोमिटर
औषत चौडाई	३५.७१ किलोमिटर
उचाई	समुन्द्र सतहबाट १३८ मिटर देखि १२७९ मिटर सम्म
अधिकतम उचाई	१२७९ मिटर चेपाङ गाउँ

भूक्षेत्र (धरातलीय स्वरुप)

बर्दिया जिल्लाको भौगोलिक क्षेत्रलाई मूलतः तराई र सिवालिक गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । सिवालिक क्षेत्रले करीब एक तिहाई क्षेत्र ओगटेको छ । यो क्षेत्रमा २० डिग्री भन्दा कम भिरालोपना छ । दक्षिण क्षेत्र समथर भूभागको क्षेत्रमा भिरालोपनाको अभावले गर्दा बर्षायाममा पानी जम्ने र निकासको समस्याले बाढीको रुप पनि लिने गर्दछ । जिल्लाको दक्षिणतर्फ भारतसँग समेत सीमाना जोडिएको यस जिल्लामा अधिकांश भूभाग वन क्षेत्रले ढाकेको छ ।

जनसंख्या वितरण

यस जिल्लाको औषत घरपरिवारको आकार ५.१३ छ । जनघनत्व २११ प्रति वर्ग किलोमिटर र जनसंख्या बृद्दि दर १.०९ रहेको देखिन्छ । यस जिल्लाको २०३८ सालदेखि २०६८ साल सम्मको जनसंख्या देहायबमोजिम रहेको छ ।

जनगणना	जनसंख्या					बृद्दि प्रतिशत	घरधुरी संख्य	औषत परिवारको आकार
	कुल	पुरुष	प्रतिशत	महिला	प्रतिशत			
२०३८	५९९०४४	२९०३१३	४८.४६	९५१६५	५१.५४	३.८५		७.५
२०४८	१७४४५४	१७४४५४	५०.७९	१४२३८६	५०.७९	३.७	४१२९८	७.०
२०५८	३८२६४९	१९२६५५	५०.३५	१८९९९४	५०.३५	२.७९	५९५६९	६.४२
२०६८	४२६५७६	२०५०८०	४८.०७	२२१४९६	५१.९३	१.०९	८३१४७	५.१३

स्रोतः केन्द्रीय तथ्याङक विभाग

जिल्ला स्थित अन्य सरकारी कार्यालयहरु

संघीय संरचना अनुसार यस जिल्लामा संघीय-३५, प्रादेशिक-९ तथा स्थानीय तह-८ गरी ५२ वटा सरकारी कार्यालयहरू र ३५ भन्दा बढी बैंक/वित्तीय संस्था रहेका छन ।

गैरसरकारी निकायहरु

जिल्ला प्रशासन कार्यालय, बर्दियामा २०७८ असार मसान्तसम्म संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भएका जम्मा ९०४ वटा संघ संस्था दर्ता भएकामा ५८ वटा संस्थाहरु खारेज भएका छन् भने बाँकी संघ संस्था मध्ये १२९ वटा संस्थाले मात्र आ.ब. २०७७/०७८ सम्म नवीकरण गरेका छन् भने बाँकीले नवीकरण नगरेको कार्यालय अभिलेखबाट देखिएको छ । अन्य जिल्लामा दर्ता भई यस जिल्लामा २९ वटा सस्थाहरुले शाखा खोली अनुमति लिई काम गरीरहेका छन ।

धार्मिक पुरातात्विक तथा पर्यटकीय स्थलहरु

यस जिल्लामा बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ठाकुरबाबा मन्दिर, राजापुर गणेश मन्दिर, कोटही मन्दिर, बागेश्वरी मन्दिर, शिव मन्दिर गुलरिया, बढैयाताल , ताराताल, सत्खलवा ताल, चिसापानी पुल, कोठियाघाट पुल, चेपाङ गाउँ, डल्ला होमस्टे, सतखलवा होमस्टे, रम्मापुर होमस्टे, लगायतका महत्वपूर्ण धार्मिक तथा पुरातात्विक पर्यटकिय स्थलहरु रहेका छन् ।

बर्दिया जिल्लामा क्रियाशिल राजनीतिक दल र विश्लेषण

बर्दिया जिल्लामा देहाय बमोजिमका राजनीतिक दलहरु जिल्ला निर्वाचन कार्यालयमा दर्ता भएको देखिन्छ ।

क्र.सं.	राजनीतिक दलको नाम	ठेगाना	सम्पर्क नम्बर	ई-मेल ठेगाना
१	ने.क.पा. एमाले	गुलरिया, बर्दिया	०८४-४२०१३६	ncpbardiya@gmail.com
२	नेपाली काँग्रेस	गुलरिया, बर्दिया	०८४-४२०१३५	jvnmalla@gmail.com
३	ने.क.पा. (माओबादी केन्द्र)	गुलरिया, बर्दिया	९८५८०२०९७१	cpnmaoistcenterbardiya@gmail.com
४	जनता समाजबादी पार्टी, नेपाल	गुलरिया, बर्दिया	९८४८०२२९०६	jspnepalbardiya@gmail.com
५	राष्ट्रिय जनमोर्चा	गुलरिया, बर्दिया	९८४८०१२०६४	rajamo12064@gmail.com
६	राष्ट्रिय प्रजातन्त्र पार्टी	गुलरिया, बर्दिया	९८४८०३५६०९	murlinirdosh123@gmail.com
७	नेपाल मजदुर किसान पार्टी	बारबर्दिया १०, बर्दिया	९७४८०१०१२७	

स्रोतः २०७८ जिल्ला निर्वाचन कार्यालय बर्दिया

जिल्ला प्रशासन कार्यालय, बर्दियाको परिचय

वि.सं. २००८ सालमा स्थापना भएको गृह मन्त्रालयको नाम २०१७ सालको राजनीतिक परिवर्तन पश्चात गृह पञ्चायत मन्त्रालय बनाइएको हो । राणाकालमा शासकका आदेश, निर्देशन र घोषणालाई नागरिक तहसम्म पुर्याउन कडाइका साथ कार्यान्वयन गर्ने, जनताको जीउधनको सुरक्षा भन्दा पनि राणा शासनको बिरोध गर्नेहरुलाई नियन्त्रण गर्दै शासन संचालन गर्ने उद्देश्यले भौगोलिकरुपमा प्रशासनिक केन्द्रको रुपमा तोकिएका थुम, गौडा वा इलाकामा बिभिन्न तहका बडाहाकिमको कार्यालय रहने व्यवस्था रहेको पाइन्छ । यस प्रकारका कार्यालयहरुमा रोलवाला राणा शासकहरुकै विश्वासपात्र व्यक्ति मध्येबाट नै बडाहाकिम मुकरर हुने प्रचलन रहेको पाइन्छ । बडाहाकिमहरुको मूख्य काम प्रशासनिक नियन्त्रण र राणाहरुले जारी गरेका सनद आदेशहरुको पालना गराउनु थियो । वि.सं.२०१८ सालमा नेपाललाई १४ अंचल र ३५ जिल्ला पछि ७५ जिल्लामा विभाजन गरेपछि हरेक जिल्लामा सरकारको प्रमुख प्रतिनिधीको रुपमा कार्य गर्न प्रशासनिक प्रमुखको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरियो । उच्चस्तरिय विकेन्द्रिकरण आयोग, २०२० को प्रतिवेदनले पञ्चायत विकास समिति र तत्कालिन पञ्चायत विकास अधिकारीलाई समेत जिल्ला कार्यालय प्रशासन शाखा अन्तर्गत राखियो ।

स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भए पछि मात्र प्रमुख जिल्ला अधिकारीका काम, कर्तव्य र अधिकारहरुको स्पष्ट व्यवस्था भएको पाइन्छ । बि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्याएर पछि विकास निर्माण सम्बन्धी कार्यहरु पञ्चायत विकास मन्त्रालयबाट र शान्ति सुरक्षा एवम् स्थानीय प्रशासन सम्बन्धी कार्यहरु जिल्ला प्रशासन कार्यालयबाट सम्पादन हुन शुरु भयो । २०७४ सालमा संघीयताको विकाससंगै पुलको रुपमा जिल्ला प्रशासन कार्यालय रहेको छ ।

मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मूख्य कार्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको प्रत्याभुति दिलाई शान्ति सुव्यवस्था र अमन चयन कायम राख्न, सेवाप्रवाहलाई प्रभावकारी बनाउदै सुशासन प्रवर्धन गर्न, विपद्का समयमा तत्काल उद्धार तथा राहत उपलब्ध गराउनका साथै विकास निर्माण लगायतका कार्यहरुमा समन्वयात्मक भूमिका निर्वाह गर्न र जिल्ला तहमा सरकारको प्रमुख प्रतिनिधिको रुपमा कार्य गर्न जिल्ला प्रशासन कार्यालयहरुको गठन भएको हो, जसको नेतृत्व प्रमुख जिल्ला अधिकारीले गर्ने व्यवस्था रहेको छ ।

बर्दिया जिल्ला शुरुमा बाँकेबर्दिया गोश्वारा अन्तर्गत नेपालगंज बडाहाकिमको कार्यालयबाट प्रशासित रहेको पाइन्छ । मिति २०२० सालमा हालको जिल्ला समन्वय समितिको कार्यालय रहेको स्थानमा प्रथम पटक तत्कालिन गुलरिया गा.वि.स. वडा नं. १ स्थित घर भाडामा लिई कार्यालय स्थापना गरी प्रथम प्रमुख जिल्ला अधिकारीको रुपमा श्री लोकेन्द्रराज शर्माले कार्यारम्भ गुर्नु भएको अभिलेखले देखाउछ । विभिन्न राजनीतिक उतारचढाव पछि कार्यालयले मिति २०६३ सालमा हाल गुलरिया न.पा. वडा नं. ६ मा आफ्नै भवन निर्माण गरी सेवा सञ्चालन गर्दै आइरहेको छ ।

जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

जनताको माग र आधारभुत आवश्यकता अनुरुप गृह प्रशासनलाई सञ्चालन गरी जिल्ला भित्र भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु जिल्ला प्रशासन कार्यालयको मूख्य कार्य रहेको छ । जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मूलभुत उद्देश्य हो । यसका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने समेतका उद्देश्यहरुका साथ यस कार्यालयका कार्यहरुमाः जिल्ला भित्रको आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन, शान्ति, सुव्यवस्था तथा कानूनी व्यवस्थाको पालना गर्ने गराउने, हातहतियार र खरखजानाको इजाजत नवीकरण तथा नियन्त्रण, विस्फोटक पदार्थ नियन्त्रण, गैरसरकारी संघसंस्था, कर्मचारी तथा स्थानीय प्रशासन, नागरिकता, राहदानी र अन्य परिचयपत्र वितरण, उपभोक्ता हक हित संरक्षण, बजार अनुगमन तथा क्षतिपूर्ति सम्बन्धी, आप्रबासन तथा प्रवासन, तीर्थस्थान र तीर्थयात्री, कल्याण धन र बेवारिसे धन, चिठ्ठा, जुवा, आदिको नियन्त्रण, सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण, विपद् व्यवस्थापन, सार्वजनिक चन्दा संकलनको नियमन र नियन्त्रण, लागु औषध नियन्त्रण, अन्तराष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन, कारागार व्यवस्थापन, संगठित अपराध नियन्त्रण, नागरिक तहमा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् साम्प्रदायिक सामाञ्जस्य र सदभाव कायम गर्न समन्वय तथा सम्वादको वातावरण प्रवर्धन, वातावरण वन सरसफाई प्रवर्धन, विविध सिफारिस, तालुक निकायबाट तोकिएका तथा अन्य विषयगत कार्यालयहरुलाई नतोकिएको आवश्यक कार्यहरु, जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको परिचालन, जिल्लास्तरमा नेपाली सेनासंग सुरक्षा समन्वय, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयसंग समन्वय, सूचना संकलन र विश्लेषण गर्ने, ड्रोन उडानको अनुमति दिने, जिल्ला भित्र हुने विभिन्न कार्यक्रमको अनुमति एवम् उत्सवहरुमा सुरक्षा व्यवस्था मिलाउने, विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने, जिल्लामा जडान भएका व्यक्तिगत, सस्थागत र सार्वजनिक प्रयोजनका सिसि टिभिको लगत राख्ने, जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग, समन्वय तथा सहजीकरण, कर्मचारी प्रशासन सम्बन्धि कार्य, निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन गर्ने ।

जिल्ला प्रशासन कार्यालय, बर्दियाको संगठन संरचना



जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट सेवा प्रवाह हुने शाखा र जिम्मेवार व्यक्ति

सिनं.	शाखा	जिम्मेवार अधिकारी	सम्पर्क नं.
१.	नागरिकता/राहदानी/ स्थानीय प्रशासन/मुद्दा	स.प्र.अ. माधव प्रसाद शर्मा प्र.अ. ओम प्रकाश देवकोटा प्र.अ. नारायणप्रसाद ढकाल	९८५८०२७२७१ ९८५८०२५०९५ ९८५८०३०१३२
२.	नयाँ नागरिकता र प्रतिलिपी	क.अ. लिलमान बुढा खरिदार गीतादेवी नेपाल खरिदार माधवी अधिकारी का.स. रुद्रप्रसाद खनाल का.स. बिमला विश्वकर्मा का.स. श्यामप्रसाद थारु	९८४८११३०६७ ९८४९३२०६८७ ९८६०३१२५४६ ९८४४८०४७८३ ९८६९९६८५११ ९८६३१५०९८९
३.	राहदानी/ नाबालिक परिचयपत्र	ना.सु. बिमला भण्डारी	९८६८०७६९६४
४.	मुद्दा/विवाह दर्ता ऐन, २०२८ बमोजिमको दर्ता/ठाडो उजुरी	ना.सु. विनय के.सी. खरिदार राजकुमार झा	९८४८०२३३३७ ९८४८२००७८७
५.	आर्थिक प्रशासन	ले.पा. सर्जन बहादुर शाही	९८५८०७३९९९
६.	कर्मचारी प्रशासन/स्टोर/ दर्ता, चलानी	क.अ. विजयकुमार मल्ल ह.स.चा. कृष्णप्रसाद पौडेल का.स. गोमताकुमारी गिरी	९८५८०५५५५८ ९८४८१३५१७८ ९८४८०४६२०८
७.	स्थानीय प्रशासन/संघसंस्था/हातहतियार खरखजाना/ शा.सु/पत्रपत्रिका दर्ता/बादी परिचय पत्र वितरण/द्धन्द्ध/ विविध सिफारिस	क.अ. गंगाराम अधिकारी	९८६८००६७५७
८.	प्र.जि.अ./स.प्रं.जि.अ. सचिवालय	ह.स.चा. तिर्थ रिजाल का.स. नारायण प्रसाद थारु का.स. विभा झा	९८५८३२०५९५ ९८४८२१७९०० ९८४८२१९०८५
९.	राष्ट्रिय परिचयपत्र	वि.द.अ. योगेश योगी वि.द.अ. करुणा न्यौपाने वि.द.स. धनु ढकाल	९८४९६२३८७९ ९८६८०६८७०८ ९८४०५०२५२१

जिल्ला प्रशासन कार्यालय, बर्दियाको स्वरुप र प्रकृति

जिल्ला प्रशासन कार्यालयहरुको संगठनात्मक संरचना जिल्लाको भौगोलिक क्षेत्रफल, प्रशासनिक केन्द्र एवम् कार्यचाप, जनसंख्याको बसोबास तथा शहरीकरण, व्यापारिक तथा आर्थिक गतिविधि, निर्वाचन क्षेत्र आदिका आधारमा गरिएको पाइन्छ । सरकारबाट जनताहरुलाई उपलब्ध गराउनु पर्ने साधारण प्रकृतिका सेवा सुबिधा उपलब्ध गराउने साधारण प्रकृतिको कार्यालय हो । यस कार्यालयको मूख्य काम जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गराउने हो । सेवा प्रवाहलाई सहज, सरल र सुलभरुपमा जनताको घरदैलोमा पुर्याउने नेपाल सरकारको नीतिका कारण जनसंख्या र बसोबासका आधारमा घरदैलोबाट नै सेवा प्राप्त गर्न स्थायी संरचनाको रुपमा दुई वटा ईलाका प्रशासन कार्यालय राजापुर र बाँसगढी स्थापना भएका छन् भने आवश्यकता अनुसार समय समयमा घुम्ती सेवाहरु समेत सञ्चालन गर्ने गरिएको छ ।

विगतमा बर्दिया जिल्लामा राजपत्रांकित द्वितिय श्रेणीको अधिकृत प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था भएकोमा २०५० साल देखि राजपत्रांकित प्रथम श्रेणीको अधिकृत प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ । ईलाका प्रशासन कार्यालय राजापुर र बाँसगढी तथा कारागार कार्यालय बर्दिया यस अन्तर्गत प्रत्यक्ष मातहतमा रहने निकायको रुपमा रहेको छ । शान्ति सुरक्षा सुव्यवस्था कायम गरी सर्वसाधारण नागरिक जीवनलाई सामान्य तुल्याउन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा नेपाल सरकारका अन्य निकायहरुको परिचालन तथा नियन्त्रण र राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघसस्थाहरु सञ्चार माध्यम एवम् नागरिक समाजसंग निरन्तर र प्रत्यक्ष समन्वय तथा सम्पर्क रहने गर्दछ भने जिल्ला प्रशासन कार्यालयले संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा पुलको रुपमा नेपाल सरकारको प्रतिनिधि निकायको रुपमा कार्य गर्दछ ।

जिल्ला प्रशासन कार्यालयसंग सम्वन्धित ऐन,कानुन तथा प्रमुख जिल्ला अधिकारीको भूमिका

सि.न	ऐन / नियमावली	प्रमुख जिम्मेवारी
१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९	अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने।
२	अध्यागमन ऐन, २०४९	अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने।
३	अध्यागमन नियमावली, २०५१	अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने।
४	उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७	- प्रजिअले उमेर, नाम र जात सच्याउने सम्वन्धमा फैसला गर्ने। - नागरिकता र शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात फरक परेमा सच्याउने फैसला गरी परीक्षा - नियन्त्रकलाई फैसलाको नक्कल सहित पठाउने। - उमेर, नाम र जात फरक परेमा सच्याउने सम्वन्धमा आवश्यक भएमा समन जारी गर्न, साक्षीहरु उपस्थित गराउने, - लिखतहरु पेश गराउन, प्रमाण र सरजमीनहरु बुझ्न प्रमुख जिल्ला अधिकारीलाई नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ।
५	उपभोक्ता संरक्षण ऐन, २०७५	अधिकार प्रत्यायोजन भएअनुसार कार्यान्वयन गर्ने।

६	कारागार ऐन, २०१९	- जिल्लाको कारागारको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुने। - प्रमुख जिल्ला अधिकारीले ६ महीनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै कारागारको जाँच गर्नु गराउनु पर्ने। - कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा तीन महीना सम्म कैद वा दुईसय रुपैयाँसम्म जरिवाना वा दुबै गर्न मुद्दा मामिला हेरी किनारा गर्ने अधिकार प्रजिअमा रहने।
७	कारागार नियमावली, २०२०	- बदमासी गरे बापत गोलघरमा राखिने कैदीको जनाउ जेलरले प्रमुख जिल्ला अधिकारीलाई तुरुन्तै गराउने नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नु परेमा कारागार कार्यालयले ठेकुवा लगत बमोजिमका थुनुवा वा कैदीको कैद भुक्तानी कटाई बाँकी कैद देखाइएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्ने। - छुट्कारा पाएका कैदी वा थुनुवाहरु मध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइनेछ। - कैदीवन्दीहरुलाई नियमानुसार दिइने लुगाको निमित्त कपडाको किसिम र नमूना प्रमुख जिल्ला अधिकारीले पास गरिदिए बमोजिम तयार गरी दिइनेछ। - कारागार कैदी वा थुनुवालाई आए गएको चिठ्ठीपत्र जेलरले सेंसर गर्दा देश लाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको संकेत चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिठी पत्रपत्रिका जफत गरी कारवाईको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्ने। - कैदको सजाय छोट्याउन जेलरले पेश गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा जिल्ला प्रमुख अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाउनु पर्ने। - कारागारमा रहेका कैदी वा थुनुवाहरुलाई असल मनोवृत्ति तर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरुबाट गराइनेछ। प्रशिक्षकलाई पारिश्रमिकको रुपमा एक पटकमा एक सय रुपैयासम्म दिइनेछ। जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयको बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनु पर्ने। - कैदी वा थुनुवालाई सरुवा गर्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीहरुले आपसमा परामर्श गरी आवश्यक व्यवस्था मिलाउने।
८	कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२	- कालोबजार तथा केही सामाजिक अपराध सम्वन्धि मुनासिब माफिकको उजूर परेमा वा विश्वास पर्दो सूचना प्राप्त भएमा वारेण्ट जारी गर्ने। - औषधिमा मिसावट र मिसावट भएको औषधिको बिक्री वाहेकका अन्य कसुरमा प्रमुख जिल्ला अधिकारीले मुद्दाको कारबाही र किनारा गर्ने
९	कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) ऐन, २०७१	- कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार सम्वन्धि उजूरीको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।प्रमुख जिल्ला अधिकारी विरुद्धको उजूरीको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रदेशको प्रमुख सचिवलाई हुनेछ।
१०	खाद्य ऐन, २०२३	- दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्ने र झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गरेको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।
११	खाद्य नियमावली, २०२७	- उत्पादित खाद्य पदार्थ ऐनको दफा बमोजिम निर्धारित गुणस्तर वा मात्राको नभएमा सो शर्त अनुसारको व्यवस्था र गुण स्तरमा सुधार नगरेसम्मको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिसमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो खाद्य उद्योगको उत्पादनमा रोक लगाउन सक्नेछ। - कुनै खाद्य पदार्थ दूषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई त्यसको भर्पाई लिई रोक्का राख्न सक्ने।
१२	छापाखाना र प्रकाशन ऐन, २०४८	- छापाखाना दर्ता गर्ने। - पत्रपत्रिका दर्ता गर्ने।
१३	छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९	- प्रमाणपत्र नलिई छापाखाना संचालन गरेमा,झुठा विवरण दिएमा, किताव नवुझाएमा,अनधिकृत रुपमा प्रकाशन गरेमा, प्रतिवन्धित प्रकाशन गरेमा, निषेधित प्रकाशन अनुवाद गरेमा, विदेशी प्काशन पैठारी गरेमा, प्रेस प्रतिनिधीको प्रमाणपत्र नलिई काम गरेमा जरिवाना गर्ने।
१४	जलस्रोत ऐन, २०४९	- जिल्ला जलस्रोत समितिको अध्यक्ष
१५	जलस्रोत नियमावली, २०५०	
१६	जग्गा प्राप्ति ऐन, २०३४	- मुआब्जाको किसिम र सो निर्धारण गर्ने समितिको अध्यक्षको रुपमा रहने। - जग्गा प्राप्तिको सूचना जारी गर्ने। - जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ। यसरी जग्गा कब्जामा लिएपछि स्थानिय अधिकारीले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्नेछ। -

१६	जग्गा प्राप्ति ऐन, २०३४	- मुआव्जा पाउनेको नामावली प्रकाशन गर्ने। - नेपाल सरकार वा संस्थाको स्वामित्वमा आएको जग्गा नेपाल सरकारको लागि प्राप्त गरिएकोमा जग्गाको नामसारी र मालपोतको लगत कट्टा गर्ने। - विशेष परिस्थितमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार। - नेपाल सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गर्ने। - क्षतिपूर्ति वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मन्जुर नगरेमा त्यस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महीनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्ने। सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मुआब्जाको रकम सञ्चित कोषमा दाखिल गरिनेछ। - ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाई र किराना गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ। - नोक्सानी बापत क्षतिपूर्ति दिइने।
१७	जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३	- यस ऐन अन्तर्गत सजाय हुने मुद्दाको कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।
१८	नेपाल नागरिकता ऐन, २०६३	- नेपाली नागरिकता जारी गर्ने अधिकारीको रुपमा कार्य गर्ने। प्रमुख जिल्ला अधिकारीले आफूलाई प्राप्त अधिकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्ने। - कसैले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट जारी भएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नागरिकता रद्द गर्ने। - नेपाली नागरिकता त्याग भएमा अभिलेख व्यवस्थापन गर्ने।
१९	नेपाल नागरिकता नियमावली, २०६३	
२०	पशु बधशाला र मासु जाँच ऐन, २०५५	- यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ।
२१	पशु बधशाला र मासु जाँच नियमावली, २०५७	
२२	पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५	- यस ऐन अन्तर्गतका कसुरजन्य कार्यहरुको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।
२३	पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६	
२४	प्राचीन स्मारक संरक्षण ऐन, २०१३	- प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहेको पुरातात्विक वस्तुहरुको विवरण पुरातत्व विभागलाई दिनुपर्ने - पुरातत्व विभागले दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुननिर्माण गरेको घर वा भवनलाई नगर योजना स्वीकृत भएको ठाउँमा नगरविकास योजना कार्यान्वयन समितिले र नगरयोजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पैतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ - कुनै व्यक्ति वा संस्थाले नियमानुसार स्वीकृति लिई उत्खनन् गर्दा पुरातात्विक महत्वको कुनै वस्तु वा स्मारक भेटिन आएमा त्यसको सूचना अठ्चालीस घण्टाभित्र पुरातत्व विभाग वा प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ र प्रमुख जिल्ला अधिकारीले तत्कालै पुरातत्व विभागलाई उक्त कुराको जानकारी दिनु पर्नेछ। - पुरातत्व विभागमा प्राप्त हुन आएको प्राचीन स्मारक वा पुरातात्विक वस्तु सम्बन्धित धनी वा गुठियारहरूले प्रतिस्थापना गर्न वा यथास्थानमै राख्न फिर्ता पाउँ भनी परेको निवेदन उपर फिर्ताका लागि वास्तविकताका आधारमा पुरातत्व विभाग सिफारिस गर्ने। - जुनसुकै अड्डा अदालतले अन्य प्रचलित नेपाल कानुनबमोजिम गर्दा गराउँदा प्राचीन स्मारक वा पुरातात्विक वस्तुको हकमा भने मालधनी जोसुकै भए तापनि त्यस्तो वस्तु नेपाल सरकारको पुरातत्व विभाग वा उक्त विभागले तोकिदिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्ला अधिकारीकहाँ पठाउनु पर्छ र सो वस्तु मालधनीलाई दिने वा लिलाम गरिनेसमेत कुनै कारवाई गर्नु पर्दैन। यसरी उल्लेख भएको वस्तुको विगोको हकमा प्रमुख जिल्ला अधिकारीद्वारा पञ्चकीर्ति मोल कायम गरी लिई प्रचलित नेपाल कानुनबमोजिम दिलाउने भराउने गर्नु पर्छ। - प्रमुख जिल्ला अधिकारीले प्रत्येक वर्ष आषाढ मसान्तभित्र आफ्नो जिल्लाभित्र रहेका पुरातात्विक वस्तुहरूको विवरण नियमावलीमा तोकिए बमोजिम भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ। - प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्र कुनै पुरातात्विक वस्तु फेला परेको जानकारी पाएमा त्यसरी जानकारी पाएको मितिले पैंतीस दिनभित्र सो वस्तुको सम्पूर्ण विवरण नियमावलीमा तोकिए बमोजिमको फाराममा भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ।
२५	प्रहरी ऐन, २०१२	- जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ। कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ। - वारेण्ट इत्यादि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार। - सार्वजनिक बाटो, सडक वा आवत जावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ।

२५	प्रहरी ऐन, २०१२	- प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हक दाबीको सबूत समेत लिई दाबी गर्न आउनु भनी इश्तिहार जारी गर्न सक्नेछ। - बेवारिसी सम्पत्तिको जिम्मा लिने र त्यसकोतायदाती खडा गरी प्रमुख जिल्ला अधिकारी कहाँ पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ। - प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ।
२६	प्रहरी नियमावली, २०७१	- प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक जिल्लाका सम्पूर्ण प्रहरी कर्मचारीहरू प्रमुख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन्। - जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले जिल्ला छोड्दा त्यसको पूर्व सूचना प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ। - महानगरीय प्रहरी परिसर प्रमुख र जिल्ला प्रहरी प्रमुखको कासमुमा सुपरीवेक्षकको भुमिका निर्वाह गर्ने। - आफूसमक्ष पेश भएको कार्यसम्पादन फाराम मूल्याङ्कन गरी श्रावण मसान्तसम्ममा एक प्रति मन्त्रालय र एक प्रति प्रहरी प्रधान कार्यालयमा सिलबन्दी गरी पठाई एक प्रति आफ्नै कार्यालयमा सिलबन्दी रुपमा राख्नु पर्नेछ। - प्रमुख जिल्ला अधिकारीले वर्षको कम्तीमा एक पटक जिल्ला प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर, इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त र प्रहरी प्रभागको निरीक्षण गर्नु पर्नेछ। - प्रत्येक इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको डायरी तथा प्रहरी सम्बन्धी गोप्य प्रतिवेदन सहित अन्य अपराध सम्बन्धी सारांश प्रतिवेदन हेरी आफ्नो प्रतिक्रिया सहितको सूचना तुरुन्त जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखलाई दिनुपर्नेछ। यसरी निरीक्षण गर्दा जिल्ला प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरूको निरीक्षण गरे वा नगरेको सम्बन्धमा समेत निरिक्षण गर्नु पर्नेछ। - सीमावर्ती इलाकामा घट्ने अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी अनुसन्धान गर्ने काममा स्थानीय प्रहरी कार्यालयको प्रमुखले पारस्परिक सहयोग पु¥याउने सिलसिलामा छिमेकी मित्र राष्ट्रका सीमावर्ती इलाकामा रहेका प्रहरी कार्यालयका समानस्तरका प्रहरी अधिकृतसँग आवश्यकता अनुसार छलफल गर्नु परेमा वा सोका लागि सम्बन्धित मित्र राष्ट्रमा जानु परेमा प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराउनु पर्नेछ। - कर्तव्य पालनाको शिलशिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहरणमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लास फेला पर्न नसकेको अवस्थामा सम्वन्धित प्रमुख जिल्ला अधिकारी र सम्वन्धित प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधारमा हत्या गरिएका प्रहरी कर्मचारीको परिवारलाई नियम अनुसारको बमोजिमको सुविधा दिइनेछ। - सुरक्षा प्रतिकूल क्रियाकलाप, खराब चरित्र भएका व्यक्ति, शङ्कित व्यक्ति तथा गतिविधिहरूको बारेमा प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गर्ने।
२७	भ्रष्ट्राचार निवारण ऐन, २०५९	- अधिकार प्रत्योजन भएअनुसार कार्यान्वयन गर्ने।
२८	मुलुकी अपराध संहिता, २०७४	**
२९	मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४	मुलुकी अपराध संहिता, २०७४ अनुसार प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाको फछौंटको लागि मुलुकी फौजदारी कार्यविधि अनुसार कार्यान्वयन गर्ने।
३०	मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५	
३१	यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३	- पीडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्षभित्र पीडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पीडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपि सहित निवेदन प्राप्त भएको मितिले पैंतीस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ।
३२	राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६	- अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने।
३३	राहदानी ऐन, २०२४	अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने।
३४	राहदानी नियमावली, २०६७	
३५	राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८	अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने।
३६	लागु औषध (नियन्त्रण) ऐन, २०३३	अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने।
३७	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४	- जिल्ला विपद् व्यवस्थापन समिति को अध्यक्षको रुपमा कार्य गर्ने। - विपद् प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ। - नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने, - यस ऐन अन्तर्गतको कुनै कसुरजन्य कार्य गरेमा मुद्दाको कारबाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ।
३८	विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६	
३९	विभूषण ऐन, २०६४	- जिल्ला स्तरवाट गरिने विभुषण सिफारिस लगायतका कार्यहरु लगायत अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने
४०	विभूषण नियमावली, २०६५	
४१	बिष्फोटक पदार्थ ऐन, २०१८	- विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने , परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण अधिकार

		- प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कीत वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी - कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भैरहेको कुनै ठाउँ वा बोझ बाहकमा गई निरीक्षण र - जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमूना मूल्य तिरी लिन सक्नेछ। - नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बाहकमा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटना भएमा सरोकारवाला नेपाली सेनाका अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै - दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ।
४२	बिष्फोटक पदार्थ नियम, २०२०	- विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्री गर्ने, परिवहन गर्ने र पैठारी गर्ने , परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण .निरीक्षण गर्ने, खोजतलासी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार तथा गिरफ्तार गर्ने अधिकार
४३	स्थानीय प्रशासन ऐन, २०२८	- जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने र । सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारी रहने। - जिल्ला सुरक्षा समितिको अध्यक्षको भुमिका निर्वाह गर्ने। - कर्फ्यु लगाउन सक्ने। दङ्गाग्रस्त क्षेत्र घोषित गर्न सक्ने - जिल्ला स्तरका कार्यालयहरू माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने - जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने, स्थानीय सरकारले सञ्चालन गरेका विकास कार्यहरूमा सहयोग पु-याउने, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने दायित्व। - जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्षः नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ - प्रमुख जिल्ला अधिकारीले जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र प्रहरी चौकी समेत ठीक अवस्थामा रहे नरहेको, प्रहरी कर्मचारी र अधिकृत जवानहरूले कानून बमोजिम काम कारवाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गर्ने। - मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार - अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरबाही साथ बोली हिंड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकै पिच्छे बढीमा एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ। - बेवारिसी मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्री गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ। - प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनवारले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा नगरपालिका वा गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइदिन वा वन तथा भू–संरक्षण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ। - कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो विक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना वा तीन महीनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्ने। - प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटी पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यसको धनी, वारिस नगरपालिका वा गाउँपालिका वा गुठी संस्थानद्वारा मरमत गर्न लगाउनु पर्दछ। - सरकारी जग्गा सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउनु हुँदैन। कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ - मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए संरक्षक वा माथवर जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ। - कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा पाँच रूपैयाँ दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ। - परम्परादेखि चलिआएको धार्मिक पूजा आजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी, महाशिवरात्री, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशुपंक्षी वध गर्न मनाई गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपन्छीको वध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँचसय रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिबानाको आदेश उपर पुनरावेदन लाग्नेछैन - सडकमा छाडा गाइवस्तु वस्तुलाई सम्बन्धित नगरपालिकाले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई पक्री लिलाम गर्ने। - सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गर्ने।
४४	सशस्त्र प्रहरी ऐन, २०५८	- मुद्दाको सुनुवाइको क्रममा कुनै साक्षीबाट केही बुझ्नु पर्ने देखेमा सशस्त्रप्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाव्हान जारी गरी बुझ्न सक्नेछ ।
४५	सशस्त्र प्रहरी नियमावली, २०७२	

		तर बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वाअसुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्द सवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्रप्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ।
४६	सार्वजनिक सुरक्षा ऐन, २०४६	- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा प्रमुख जिल्ला अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ। - स्थानहदको आदेश जारी गर्ने।
४७	संस्था दर्ता ऐन, २०३४	- संस्था दर्ता गर्ने आदेश दिने।नविकरण गर्ने। - संस्थाको कुनै सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ - संस्थाको उद्देश्यहरुमा हेरफेर - आवश्यक देखेमा संस्थाको हिसाब आफूले - नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।हिसाब जाँच गराए वापत हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ। - दर्ता नगराई संस्था स्थापना गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई जनही दुई हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।
४८	संस्था दर्ता नियमावली, २०३४	
४९	सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४	- जिल्लाभित्रका सरकारी सेवा प्रदायक निकायहरुको काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको संयोजक को रुपमा कार्यगर्ने। - अदालत र रक्षा सम्बन्धी निकाय बाहेक अन्य जिल्लास्थित कार्यालय तथा विकास आयोजनाको वर्षमा एकपटक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्नु पर्नेछ।
५०	सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५	
५१	शिक्षा ऐन, २०२८	- जिल्ला शिक्षा समितिको सदस्यको भुमिका - यस ऐन बमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्वामा कारवाही र किनारा गर्ने।
५२	शिक्षा नियावली, २०५९	- जिल्ला अनौपचारिक शिक्षा समितिको सदस्य - माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिको अध्यक्षता - वृत्ति सिफारिस समितिको अध्यक्षता - विद्यालयको सम्पत्ति सुरक्षा समितिको अध्यक्षता - प्रमाणपत्र छानविन समितिको अध्यक्षता
५४	सूचनाको हकसम्बन्धी ऐन, २०६४	- Proactive Disclosure - सूचना अधिकारीको व्यवस्था - सूचना अधिकारीहरुको नियमित वैठक
५५	सूचनाको हकसम्बन्धी नियमावली, २०६५	
५६	सवारी तथा यातायात व्यवस्था ऐन, २०४९	- कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने वित्तिकै त्यस्तो सवारी साधनको धनी वा व्यस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ। - प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको - बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काइस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलाई - सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा बिमकबाट उपलब्ध गराइदिनु पर्नेछ।
५७	सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४	
५८	होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३	- ऐनमा उल्लेखित व्यवस्था उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई बढीमा ३ महीनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ।
५९	होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४	
६०	मुलुकी अपराध, संहिता २०७४ अन्तर्गत	- परिच्छेद-२ सार्वजनिक शान्तिविरुद्धको कसुर - परिच्छेद-३ सार्वजनिक अधिकारको अख्तियारीको अवज्ञा सम्बन्धी कसुर - परिच्छेद-३ सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसुर - परिच्छेद-४ सार्वजनिक न्याय विरुद्धका कसुर - परिच्छेद-१० भेदभाव तथा अन्य अपमानजनक व्यवहार सम्बन्धी कसुर - परिच्छेद-२७ पशुपन्छी सम्बन्धी कसुर

जिल्ला प्रशासन कार्यालय, बर्दियाको आ.ब. २०७६/७७ र आ.ब. २०७७/७८ को बार्षिक कार्य विवरण

क्र.सं.	क्रियाकलाप	आ.ब. २०७६/७७	ईकाइ	आ.ब. २०७७/७८	ईकाइ
१	नागरिकता				
	क. नयाँ बंशज नागरिकता विवरण	४९२६	जना	९७६३	जना
	ख. नयाँ वैवाहिक अंगृकीत नागरिकता वितरण	१४८	जना	४८५	जना
	ग. प्रतिलिपी नागरिकता वितरण	२९५३	जना	६५६१	जना
२	द्वन्द्वप्रभावितका लागि राहत वितरण				
	क. राहत प्राप्त गर्ने संख्या	३७	जना	१८	जना
	ख. वितरित राहत रकम	१३४६०००.०	रकम	१०६४२००	रकम
३	प्रकोप व्यवस्थापन				
	क. प्रकोपबाट पीडित	२६०	जना	६५	संख्या
	ख. प्रकोप पीडितलाई राहत	१३२८५००.०	रकम	९१२०००	रकम
४	लागु औषधसम्बन्धी कारवाही				
	क. पक्राउ परेका व्यक्ति	४७	जना	३५	जना
	ख. पक्राउ परेको लागु औषध परिमाण	१०४ किलो चरेस, ब्राउनसुगर ९३ ग्राम ६१२ मिग्रा, Elturex-t लेखिएको सिसि-5 थान, नाइट्राभेट-१० लेखिएको ट्यावलेट-५२९, गाजा ३७५ ग्राम, SPAS लेखिएको क्याप्सुल-२ पीस	ग्राम	६९६ ग्राम चरेश, ब्राउनसगुर ५७ ग्राम ९० मिलि ग्राम, नाईट्राभेट १२०५ ट्याब्लेट, गाजा ४ केजी १५३ ग्राम, कोरेक्स १५० मिलि, र अफिम २६ केजी ५०० ग्राम	ग्राम
	ग. मुद्दा चलाइएको सङ्ख्या	४८	संख्या	३२	संख्या
५	शान्ति सुरक्षा				
	क. आपराधिक घटना	४९६	संख्या	४४८	संख्या
	ख. अभियुक्त पक्राउ	४४७	जना	३२६	जना
	ग. मुद्दा चलाइएको	५०६	जना	४१०	जना
	घ. अपहरण घटना	०	संख्या	०	संख्या
	ङ. हत्याका घटना	५	जना	४	जना
	च. हातहतियार खरखजाना जफत	०	संख्या	२	संख्या
	छ. विशिष्ट व्यक्तिको भ्रमण	३५	जना	३८	जना
६	सडक दुर्घटना				
	क. संख्या	१८	संख्या	११६	संख्या
	ख. मृत्यु	१९	जना	५९	जना
	ग. घाइते संख्या	२१	जना	१९१	जना
७	बजार नियमन				
	क. अनुगमन	२६	पटक	२९	पटक
	ख. कारवाही	५	संख्या	२४	संख्या
८	सीमा संरक्षण				
	क. सीमा अतिक्रमण घटना	०	संख्या	०	संख्या
	ख. गस्ती पेट्रोलिङ्ग	दैनिक	पटक	दैनिक	पटक
	ग. समन्वय बैठक	२	पटक	०	पटक
९	तस्करी नियन्त्रण				
	क. परिचालित गस्ती	दैनिक	पटक	दैनिक	पटक
	ख. पक्राउ परेको सामान	२५०५९७७६.००	रकम बराबर	१७०८७३३७.००	रकम बराबर

क्र.सं.	क्रियाकलाप	आ.ब. २०७६/७७	ईकाइ	आ.ब. २०७७/७८	ईकाइ
१०	वेरुजु संपरीक्षण	0.0	-	०	-
११	गुनासो सम्बोधन	२०७	संख्या	१९४	संख्या
१२	सुशासनसम्बन्धी मन्त्रालयबाट भएका अन्य कामहरु	३८	सख्या	६६	सख्या
१३	राहदानी				
	क. जिल्लाबाट	१८४१	संख्या	१९५४	संख्या
	ख. द्रुत सिफारिस	९४०	संख्या	९२७	संख्या
	ग. नाबालक परिचय पत्र	३४	जना	२५	जना

क्र.सं.	क्रियाकलाप	आ.ब. २०७६/७७	ईकाइ	आ.ब. २०७७/७८	ईकाइ
१४	विभिन्न सिफारिस	२३४९	संख्या	२५४६	संख्या
१५	कार्यालय अनुगमन	३२	कार्यालय संख्या	१६	कार्यालय संख्या
१६	राजश्व संकलन	१०८४१४४३.०	रकम	१०००२३५२.०	रकम
१८	मुद्दा दर्ता				
	क. सार्वजनिक हित र नैतिकता विरुद्धको कसुर	८७	संख्या	६५	संख्या
	ख. सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्वन्धी कसुर	०	संख्या	०	संख्या
	ग. सार्वजनिक शान्ति विरुद्धको कसुर	२		०	
	घ. सवारीज्यान क्षतिपुर्ति	९	संख्या	८	संख्या
	ङ. कालो बजार	०	संख्या	०	संख्या
	च. नागरिकता सम्वन्धी	१	संख्या	०	संख्या
	छ. जुवा	८	संख्या	६	संख्या
	अन्य	०	संख्या	०	संख्या
१९	मुद्दा फैसला				
	क. सार्वजनिक हित र नैतिकता विरुद्धको कसुर	३१	संख्या	१३५	संख्या
	ख. सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्वन्धी कसुर	०	संख्या	०	संख्या
	ग. सार्वजनिक शान्ति विरुद्धको कसुर	०	संख्या	०	संख्या
	घ. सवारीज्यान क्षतिपुर्ति	१२	संख्या	७	संख्या
	ङ. कालो बजार	०	संख्या	१०	संख्या
	च. नागरिकता सम्वन्धी	१	संख्या	३	संख्या
	छ. जुवा	१	संख्या	१०	संख्या
	अन्य	८	संख्या	२	संख्या
२०	जिल्ला सुरक्षा समितिको वैठक	३४	पटक	५१	पटक
२१	जिल्ला विपद् व्यवस्थापन समितिको वैठक	१३	पटक	११	पटक
२२	वैदेशिक रोजगारी क्षतिपूर्ति				
	क. संख्या	१	जना	४	जना
	ख. रकम	६०९७२२.०	रकम	४३६०६४	रकम
२३	सवारी दुर्घटना क्षतिपूर्ति				
	क. संख्या	१५	संख्या	३४	संख्या
	ख. रकम	६६५००००	रकम	१७३०००००	रकम
२४	संघ संस्था, पत्रपत्रिका तथा हातहतियार				
	क. संघसस्था दर्ता	१९	संख्या	४७	संख्या
	ख. हातहतियार दर्ता	०	संख्या	०	संख्या
	ग. संघसस्था नविकरण	११८	संख्या	१६९	संख्या
	घ. हातहतियार नविकरण	४०	संख्या	१७	संख्या
	ङ. हातहतियार नामसारी	२	संख्या	४	संख्या
	च. पत्रपत्रिका दर्ता	१	संख्या	२	संख्या
	छ. सि.सि.टिभि/क्यामेरा जडान अनिमति लिएका/जानकारी गराएका	३४	संख्या	१३	संख्या
	ज. ड्रोन उडान अनुमति लिएका	२	संख्या	०	संख्या
२५	राष्ट्रिय परिचयपत्र व्यवस्थापन				
	क. परिचयपत्रमा आबद्ध गरिएको	०	संख्या	८५९८	संख्या
	ख. परिचय पत्र वितरण गरीएको	०	संख्या	०	संख्या

जिल्ला प्रशासन कार्यालयमा जम्मा हुन आएको शिर्षक अनुसारको राजश्व

सि.नं.	राजस्व शीर्षक	जम्मा
१.	१४१५१-सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय	१२०,०००.००
२.	१४२२४-परीक्षाशुल्क	८,७००.००
३.	१४२२७-राहदानीशुल्क	८,३२५,०००.००
४.	१४२२९-अन्यप्रशासनिक सेवा शुल्क	८,०००.००
५.	१४२५१-कम्पनी रजिष्ट्रेशन दस्तुर	२९९,४६५.००
६.	१४२५७-हातहतियारको इजाजतपत्र दस्तूर	६३,४३७.००
७.	१४३११-न्यायिकदण्ड,जरिवाना र जफत	५७७,७५०.००
८.	१४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत	६००,०००.००
जम्मा रकम		**१०,००२,३५२.००**

बर्दिया जिल्लामा कोभिड अस्थायी अस्पतालहरुको विवरण

सि.नं.	कोभिड उपचार गर्ने अस्पतालको नाम, ठेगाना	बेड संख्या			आवश्यक पर्न सक्ने अक्सिजन सिलिण्डर अनुमानित (प्रति दिन)	आफ्नो अक्सिजन प्लान्ट भए उत्पादन क्षमता (प्रति दिन)
		साधारण	ICU	HDU		
१	कोभिड अस्थाई अस्पताल, राजापुर	२७	0	0	२८	०
२	सानोश्री कोभिड अस्पताल, मधुवन	१५	0	0	२७	०
३	आधारभुत अस्पताल नेउलापुर, ठाकुरबाबा	२३	४	०	४४	०
	ठाकुरद्धारा कोभिड-१९ अस्पताल	१०	०	०	१५	०
४	कोभिड बिशेष अस्पताल माछागढ, बाँसगढी	१५	0	0	२०	०
५	कोभिड आईसोलेसन अस्पताल, महिला विकास केन्द्र, गुलरिया	२५	0	0	१८	०
६	आर.सि.थारु मेमोरिया सिटि.अस्पताल, बारबर्दिया	२५	0	0	३८	०
७	सोरहवा प्रा.स्वा.के., बढैयाताल	१८	0	0	३२	०
८	कोभिड १९ अस्थाई अस्पताल, गेरुवा	१०	0	0	१४	०
९	बर्दिया अस्पताल, गुलरिया	७	0	10	१२५	७०-७५
जम्मा		**१७५**	**४**	**१०**	**३६१**	**०**

बर्दिया जिल्लामा कोभिड-१९ संक्रमण र खोप सम्बन्धमा

स्वाब संकलनः १९६९८ जनामा पोजेटिभः ३२१८ जना
आर.डि.टी टेष्टः १३०६५ जनामा पोजेटिभः ४०६ जना
एन्टिजेन टेष्टः ७२१३ जनामापोजेटिभः २७१३ जना
जिल्ला बाहिर चैंक गराई आएका पोजेटिभः १६५५ जना
जिल्लामा जम्मा पोजेटिभः ७९९२ जना

निको हुनेको संख्याः ७६१६ जना
मृत्यू हुनेको संख्याः १८६ जना

कोभिसिल्ड पहिलो मात्रा खोप लगाएकाः २५८४४ जना
कोभिसिल्ड दोस्रो मात्रा लगाएकाः ८०१६ जना
भेरोसेल पहिलो मात्रा खोप लगाएकाः ३३७६० जना
भेरोसेल दोस्रो मात्रा खोप लगाएकाः ५८०० जना
जनसेन खोप लगाएकाः २३५१५ जना
अनुमानित जिल्लामा खोप लगाउन बाँकी जनसंख्याः २,२१,४६४ जना

बर्दिया जिल्लामा कोभिड-१९ संक्रमणबाट मृत्यू हुनेको स्थानीय तह अनुसारको विवरणमा

क्र म	स्थानीय तह	पहिला दर्ता भएका			पहिले रेकर्डमा छुटेको			जम्मा
		पि सि आर	एन्टीजेन अस्पताल प्रमाण भएका	एन्टीजेन अस्पताल प्रमाण नभएका	पि सि आर	एन्टीजेन अस्पताल प्रमाण भएका	एन्टीजेन अस्पताल प्रमाण नभएका	
१	गुलरिया	१९	४		५	१		२९
२	मधुवन	१०	३	१	१	०		१५
३	बासंगढी	१६	४		९	१		३०
४	राजापूर	७	२	४	५	०	१	१९
५	बारबर्दिया	११	३	३	१	०		१८
६	ठाकुरबाबा	११	३		६	१		२१
७	बढैयाताल	१५	१२		५	२	४	३८
८	गेरुवा	५	३	२	४	२		१६
जम्मा		९४	३४	१०	३६	७	५	१८६

जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट भएका थप कार्यहरुः

- खाता कोरिडोरको ब्रेकर हटाउने तथा बाघ नियन्त्रण
- कोभिड-१९ संक्रमण न्यूनीकरण तथा परीक्षणको दायरा विस्तार
- कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरणका लागि आवश्यक स्वास्थ्य सामग्रीहरुको व्यवस्थापनका लागि संघ संस्थाहरुसंग सहजीकरण
- अक्सिजन बैंकको स्थापना
- बर्दिया अस्पतालमा HDU/ICU कक्ष तथा अक्सिजन प्लान्टको स्थापना
- सत्ती घाट पुलको कटान पश्चात शीघ्र मर्मत तथा संचालन
- भारतीय समकक्षी तथा अन्तरजिल्ला समन्वय वैठक सम्पन्न
- विकास कार्यक्रम तथा आयोजना संचालनका लागि अन्तरक्रिया तथा सहजीकरण
- नदीजन्य पदार्थको उत्खनन, संकलन र प्रयोगको अवस्थाको अनुगमन
- नियमित बजार अनुगमन
- नियमित कार्यालय अनुगमन
- कार्यालय परिसर भित्र बर्दियाको चिनारीहरुको स्थापना(बाघ/कृष्णसारको मूर्ति तथा पर्यटकीय स्थलहरुको तस्विरहरु)
- स्तनपान कक्ष, असहाय तथा जेष्ठ नागरिक कक्षको स्थापना
- मोबाइल चार्जिङ् स्टेसनको व्यवस्था

मिति २०७७ चैत्र १० गते बिहान ०८:०० बजेदेखि १०:०० बजेसम्म गुलरिया बसपार्कमा चालकहरुलाई ट्राफिक नियम बारे प्रशिक्षण तथा आँखा र कानको स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको ।

सेवा प्रवाहका सम्दर्भमा केही सान्दर्भिक चित्रहरु:



लुम्बिनी पत्र

OPPO Reno2 F - लुम्बिनीपत्र दैनिक

वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम
अन्तर्गत कागती खेती वृक्षारोपण
मिति : २०७८ असार ३ गते

सेवा प्रवाहका सम्दर्भमा केही सान्दर्भिक चित्रहरु:



सेवा प्रवाहका सम्दर्भमा केही सान्दर्भिक चित्रहरु:

जिल्ला प्रशासन कार्यालय, बर्दियाको नागरिक वडापत्र

नागरिकता तथा प्रतिलिपी शाखा

नागरिक सेवा वडापत्र

जिम्मेवार पदाधिकारी : स.प्र.जि.अ. कोठा नं. ३, प्रशासकीय अधिकृतहरु कोठा नं. १३ र १४ **उजुरी सुन्ने अधिकारी :-** प्र.जि.अ. वा स.प्र.जि.अ.

प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया
(क) वंशज नेपाली नागरिकता प्रमाणपत्रः-	१।फोटो समेत प्रमाणित गरी सिफारिस गरिएको अनुसूची-१ फाराम । २। बाबुआमाको नेपाली नागरिकता प्रमाणपत्रको छायाप्रति । ३। हालसालै खिचिएको फोटो ४ प्रति । ४। जन्म मिति खुल्ने शैक्षिक प्रमाणपत्र तथा जन्म दर्ता । ५। नेपाली नागरिकता प्रमाणपत्रको छायाप्रति सहित सनाखत गर्ने नाता खुल्ने एकाघरको व्यक्ति । ६। विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र र पतिको नागरिकता तथा माईती तर्फको वंशज खुल्ने अभिभावकको नागरिकता । ७। वसाई सरी आएकाको हकमा वसाई सराईको प्रमाणपत्र र जग्गाधनी प्रमाण पूर्जा । आवश्यक परे अभिलेख माग गर्ने । ८। कर्मचारी परिवारको हकमा सम्बन्धित कार्यालयको सिफारिश पत्र र कर्मचारी परिचय पत्रको छायाप्रति समेत । ९। विदेशमा जन्मेकाको हकमा सो को प्रमाणपत्र । १०। थप बुझनु पर्ने भएमा स्थानीय निकायको मुचुल्का वा प्रहरी सर्जमिन वा दुवै ।
(ख) वैवाहिक अंगिकृत नागरिकता प्रमाणपत्र महिलाका लागिः-	१। फोटो समेत प्रमाणित गरिएको अनुसूची-७ फाराम २। विवाह दर्ता प्रमाण र सपथ पत्र ३। सम्बन्धित देशको पहिचान खुल्ने निस्सा र नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण तथा हुलाक रसिद । ४। सनाखत गर्ने पति र निजको नेपाली नागरिकता प्रमाणपत्र । ५। हालसालै खिचिएको फोटो ४ प्रति । ६। थप बुझनु पर्ने भएमा स्थानीय निकायको मुचुल्का वा प्रहरी सर्जमिन वा दुवै ।
(ग) ना.प्र.प.को प्रतिलिपीः-	१।फोटो समेत प्रमाणित गरीएको अनुसूची-२ फाराम (ना.प्र.प.नं. र जारी मिति खुलाउने) २। हालसालै खिचिएको फोटो ४ प्रति । सनाखत गर्नु पर्ने अवस्थामा सनाखत गर्ने व्यक्ति र निजको नेपाली प्रमाणपत्रको छायाप्रति । ३। पतिको नाम राखी प्रतिलिपी लिनु पर्दा सक्कल ना.प्र.प., विवाहदर्ता प्रमाणपत्र, पतिको ना.प्र.प. को छायाप्रति र सनाखत, ४। अन्य जिल्लाबाट विवाह, बसाइसराइ गरी आएको हकमा उक्त जिल्लाबाट नागरिकता लिए नलिएको अभिलेख, वसाई सरी आएकोमा वसाईसराईको प्रमाणपत्र र साविक जिल्लाको अभिलेख ५। अभिलेख झुत्रो भै तथा फेला नपरेको हकमा अभिलेखको प्रकृती हेरी नयाँ जारी तथा पुरानो सक्कल ना.प्र.खिची प्रतिलिपी जारी हुने । ६। संशोधन सहित प्रतिलिपी जारी गर्न पर्दा संशोधनका लागि आवश्यक प्रमाणहरु संलग्न हुनु पर्ने । नागरिकताको सामान्य संशोधन प्रचलित कानून अनुसार हुने । ८। थप बुझनु पर्ने भएमा स्थानीय निकायको मुचुल्का वा प्रहरी सर्जमिन वा दुवै ।

दस्तुर :- नयाँ नागरिकताका लागि रु. १०।- र प्रतिलिपीका लागि रु. १३- को टिकट ।
कार्य सम्पादन गरिने समयः- प्रमाण पुगेकोमा पेश भएके दिन । नागरिकता लगायतका प्रमाणपत्रहरु सक्कल प्रति देखाउनु पर्ने हुँदा साथै लिई आउनु पर्नेछ ।

राहदानी शाखा

नागरिक सेवा वडापत्र

जिम्मेवार पदाधिकारीः- स.प्र.जि.अ. कोठा नं. ३, प्रशासकीय अधिकृतहरु कोठा नं. १३ र १४ **उजुरी सुन्ने अधिकारीः-** प्र.जि.अ. वा स.प्र.जि.अ.

प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया
(क) राहदानी फाराम संकलन/ सिफारीस	१) फोटो टाँसी आवेदकले सही गरेको राहदानी आवेदन फाराम (तोकिएको मापदण्ड बमोजिमको हुनुपर्ने) ३ प्रति । २) नेपाली ना.प्र.पत्रको छायाप्रति १ प्रति र फोटो (फोटो तोकिएको मापदण्ड बमोजिमको हुनुपर्ने) ४ प्रति । ३) नावालकको हकमा नावालक परिचय पत्र १ प्रति, अभिभावकसंगको नाता प्रमाणित । ४) १० बर्ष उमेर नपुगेकालाई रु. २५००।- र ५ बर्षको लागि मात्र राहदानी जारी गर्न सकिने । ५) महिलाको हकमा संरक्षक र संरक्षकको ना.प्र.पत्रको छायाप्रति । ६) अन्य जिल्लाबाट जारी भएका नागरिकताका हकमा सम्बन्धित जिल्लाबाटै अभिलेख माग गरी प्रक्रिया अगाडी बढाउन सकिने । ७) दुत सेवाका लागि नागरिकताको अभिलेख प्रमाणित हुने । ८) नेपालबाट MRP एक पटक बनाइसके पछि पुन सिफारिस गर्न नपर्ने तर विदेश नियोगबाट MRP बनाएमा पुनः सिफारिस गर्ने ।
(ख) राहदानी वितरण	१. सक्कल नागरिकता र नगदी रसिद लिई सम्बन्धित निवेदक स्वयम् उपस्थित हुनु पर्ने ।
(ग) **MRP** मा विवरण संशोधन	१. विवरण संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली संशोधन पुष्टी हुने कागजात पेश गरेपछि नयाँ **MRP** को लागि सिफारिश हुने ।
(घ) नाबालक परिचयपत्र	१) संरक्षक व्यक्तिको निवेदन र नाता प्रमाणितको प्रतिलिपी । २) बाबुआमाको ना.प्र.प. र नाता प्रमाणितको फोटोकपी ३) गा.पा/न.पा. को सिफारिश (जन्ममिति खुलाई फोटो समेत प्रमाणित गरीएको) । ४) जन्म मिति खुल्ने प्रमाण पत्र । ५) आवश्यक परेमा वसाई सराई, आदि । ६) विदेशमा जन्म भएकालाई सो को प्रमाण र सम्बन्धित क्याम्पको पत्र । ७) थप बुझ्नु पर्ने भएमा स्थानीय निकायको मुचुल्का वा प्रहरी सर्जमिन वा दुवै । ८) धर्मपुत्र/धर्मपुत्री द्वारा संरक्षित नाबालकका हकमा बाबुआमाको महलमा जन्मदिने बाबुआमाकै नाम राखिने हुँदा बाबुआमाको ना.प्र.प. र संरक्षकको महलमा अदालतद्वारा धर्मपुत्र/धर्मपुत्री ग्रहण गर्ने प्राप्त अनुमती र ना.प्र.प.

☞ दस्तुरः- जिल्लाबाट राहदानीको लागि रु. ५,०००।–, हराएको, च्यातिएको, केरमेट भइ पुनः वनाउदा रु. १०,०००।– (तर विपदमा परी नष्ट भएको भए प्रहरी मुचुल्का ल्याएमा रु ५,०००।–) राहदानी बनेर आइसकेपछि व्यक्तिगत त्रुटी भएमा रु. ५०००।-राहदानी बनेको एक बर्षसम्म कार्यालयको तर्फबाट त्रुटी भएः निशुल्क तर एक बर्ष पछि रु. ५०००।-
☞ नेपाली नागरिकता लगायतका प्रमाण पत्रहरु सक्कल प्रति देखाउनु पर्ने हुँदा साथै लिई आउनु पर्नेछ ।
☞ विशेष कारणवस हवाइ टिकट, भिसा आएको प्रमाण, छात्रवृत्ती जस्ता अत्यावश्यक प्रमाण पेश गरेमा राहदानी हराएकाको हकमा पनि द्रुत सेवा दिन सकिने ।

राष्ट्रिय परिचय पत्र शाखा

नागरिक सेवा वडापत्र

जिम्मेवार पदाधिकारी:- स.प्र.जि.अ. कोठा नं. ३, प्रशासकीय अधिकृतहरु कोठा नं. १३ र १४ **उजुरी सुन्ने अधिकारी:-** प्र.जि.अ. वा स.प्र.जि.अ.

क्र.सं.	प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया	दस्तुर	कार्य सम्पादन गरिने समय
क	राष्ट्रिय परिचय पत्रका लागि विवरण दर्ता गराउन	१. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल २. बाबु/आमाको नागरिकताको प्रतिलिपि उपलब्ध भएसम्म ३. नागरिकताको प्रमाणपत्रमा जन्ममिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र वा गाउँपालिका/नगरपालिकाको सिफारिस ४. राहदानी लिएको भए सोको सक्कल वा प्रतिलिपि ५. बसाईँ-सराई गरेकाहरुको हकमा बसाईँ-सराई प्रमाणपत्र ६. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाणपत्र अनिवार्य ।	निःशुल्क	प्रमाण पुगेमा सोही दिन
ख	राष्ट्रिय परिचय पत्र वितरण	राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग, काठमाडौंबाट प्राप्त भएपछि	निःशुल्क	प्राप्त भए पछि SMS बाट जानकारी गराइने

स्थानीय प्रशासन शाखा

नागरिक सेवा वडापत्र

जिम्मेवार पदाधिकारी:- स.प्र.जि.अ. कोठा नं. ३, प्रशासकीय अधिकृतहरु कोठा नं. १३ र १४ **उजुरी सुन्ने अधिकारी:-** प्र.जि.अ. वा स.प्र.जि.अ.

क्र.सं.	प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया	दस्तुर	कार्य सम्पादन गरिने समय
क	गुनासो वा ठाडो उजुरी	१) सम्पूर्ण विवरण खुलेको निवेदन २) निवेदनलाई पुष्टी गर्ने प्रमाण कागजहरु (उजुरीको प्रकृति हेरी जि.प्रहरी.का., गा.पा./न.पा.मा पठाउने, कार्यालयमा दुवैपक्ष झिकाई छलफल गराइ मिलाइने, बुझ्नु पर्ने उजुरीमा पक्ष विपक्षलाई तारेखमा राखेर मिलाइने वा सम्बन्धित निकायमा पठाइने)।	रु. १०।- को टिकट	यथाशीघ्र
ख	नाम, थर, उमेर आदि फरक परेको सम्बन्धी प्रमाणित	१) सम्बन्धित व्यक्तिको निवेदन र ना.प्र.प. को प्रतिलिपी। २) सम्बन्धित पेन्सन पट्टाको प्रतिलिपी (पेन्सनवालाको हकमा)। ३) सम्बन्धित गा.पा./न.पा.को सिफारिश र नाता प्रमाणितको प्रतिलिपी। ४) आवश्यकतानुसार बसाई सराई, जन्मदर्ता, मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी आदि। ५) प्रमाणिकरण गर्न आवश्यक स्थानीय निकाय र प्रहरी समेतको मुचुल्का ।	,,	सबै प्रमाण पुगेकोमा पेश भएकै दिन
ग	पारिवारिक पेन्सन, सपथ पत्र र रहल पहल सम्बन्धी सिफारिश	१) सम्बन्धित व्यक्तिको निवेदन। २) ना.प्र.प. र पेन्सन पट्टाको प्रतिलिपी। ३) गा.पा./न.पा.को सिफारिश र नाता प्रमाणितको प्रतिलिपी तथा पारिवारीक विवरण ४) आवश्यकतानुसार बसाई सराई, जन्मदर्ता, मृत्यु दर्ता आदि। ५) प्रमाणिकरण गर्न आवश्यक स्थानीय निकाय र प्रहरी समेतको मुचुल्का ।	,,	सबै प्रमाण पुगेकोमा पेश भएकै दिन
घ	अन्य व्यहोरा प्रमाणित	१) व्यहोरा खुलेको निवेदन र सम्बन्धित प्रमाण कागजात। २) गा.पा./न.पा.को सिफारिस। ३) प्रमाणिकरण गर्न आवश्यक स्थानीय निकाय र प्रहरी समेतको मुचुल्का ।	,,	आवश्यक जांचबुझ सो को भोलिपल्ट
ङ	संस्था दर्ता	१. तोकिएको ढांचाको निवेदन र स्थानीय निकायको सिफारिश पत्र। २. विधान ४ प्रति, प्रत्येक पानामा प्रबन्ध समितिको पदाधिकारीहरुको दस्तखत। ३ प्रबन्ध/कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी। ४. प्रहरी प्रतिवेदन (प्रबन्ध समितिका पदाधिकारीहरुको बारेमा)।	➢ रु १०।- को टिकट ➢ दर्ता शुल्क रु. १०००।-	आवश्यक जांचबुझ भएको भोलिपल्ट
च	संस्था नविकरण	१ रित पूर्वकको निवेदन र संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी। २. कार्य समितिको निर्णय प्रतिलिपी र पदाधिकारीहरुको नामावली। ३ लेखा परीक्षण प्रतिवेदन र ईजाजतपत्रको प्रतिलिपी। ४ पालिकाको सिफारिश पत्र र कर चुक्ता प्रमाण। ५. गत आ.व.को वार्षिक प्रगति प्रतिवेदन। ६. आउने आ.ब.को कार्य योजना	➢ रु १०।- को टिकट ➢ नविकरण शुल्क रु. ५००।- (विलम्ब शुल्क नियमानुसार)	प्रक्रिया पुगेके दिन

क्र.सं.	प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया	दस्तुर	कार्य सम्पादन गरिने समय
छ	संस्था दर्ताको प्रमाण पत्र तथा स्वीकृत विधानको प्रतिलिपी	१ निवेदन । २ कार्य समितिको निर्णयको प्रतिलिपि । ३ संस्था दर्ता प्रमाण पत्र ।	➢ रु १०।- को टिकट ➢ प्रत्येक पानाको रु १०।- को टिकट ➢ संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपीको लागि रु ५०।-	"
ज	संस्थाको विधान संशोधन	१. निवेदन सहित साधारण सभाको निर्णयको प्रतिलिपी । २. तीन महले संशोधित विधान सम्बन्धि विवरण (भैरहेको व्यवस्था/संशोधन/कारण) । ३. स्वीकृत विधानको प्रतिलिपी । ४. जि.स.स.को सिफारिश पत्र	रु १०।- को टिकट	"
झ	जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति	१. निवेदन सहित संस्थाको कार्य समितिको निर्णय तथा अख्तियारी पत्र । २. विधानको प्रतिलिपी । ३. जि.स.स. को सिफारिस । ४. नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ५. कर चुक्ता प्रमाण ।		"
ञ	पत्र पत्रिका दर्ता	१. अनुसूची-४ अनुसारको दरखास्त । २. प्रकाशकको नागरिकताको छायाप्रति र ४ प्रति फोटो । ३ संपादकको नियुक्ति पत्र र संपादकको मन्जुरीनामा । ४ संपादकको शैक्षिक योग्यता तथा नागरिकताको छायाप्रति (शैक्षिक योग्यताको हकमा एस.एल.सी.देखि स्नातक तह सम्मको मार्कसिट, चारित्रिक प्र.प र प्रोभिजनल सर्टीफिकेटका प्रतिलिपि वा एस.एल.सी उत्रिण गरि पत्रकारितामा १० वर्ष कार्य गरेको सूचना विभागको प्रमाणपत्र समेतका प्रमाणहरुको प्रतिलिपि चाहिने हुन्छ) ५. **छापाखाना संचालनका लागि जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति दिएको प्रमाणपत्रको प्रतिलिपि चाहिने हुन्छ** र छापाखानाको मन्जुरीनामा । ६. प्रकाशक संस्था भए संस्थाको दर्ता प्रमाण पत्र, स्वीकृत विधान, संस्थाको निर्णय, सचालकहरुको ना.प्र.पत्र छायाप्रति र ले.प.प्रतिवेदन । ७. कर तिरेको प्रमाण ।	➢ दैनिक रु १,०००।- ➢ अर्ध साप्ताहिक रु ७००।- ➢ साप्ताहिक रु ५००।- ➢ पाक्षिक रु ३००।- ➢ मासिक र अन्य २००।-	प्रक्रिया पुगेकै दिन
ट	छापाखाना दर्ता	१.अनुसूची-१ अनुसारको दरखास्त । २ छापाखाना सचालकको नागरिकता र फोटो । ३ छापाखाना राख्ने ठाउंको घर जग्गाको प्रमाणहरु र लोकेशन नक्सा । ४.छापाखानाका उपकरणहरु खरीद गरेको भए सो को प्रमाण । ५. कुनै संस्था भए संस्थाको विधान र संस्थाको निर्णय प्रतिलिपी । ६. कर तिरेको प्रमाण ।	रु.१,०००।-	"

क्र.सं.	प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया	दस्तुर	कार्य सम्पादन गरिने समय
ठ	बादी परिचय पत्र	१. निवेदन (नमूना बमोजिमको) २. नागरिकताको छायाप्रति ३ गा.पा./न.पा.को सिफारीस	➢ रु १०।- को टिकट	"

क्र.सं.	प्रदान गरिने सेवा/कार्य	संलग्न गर्नु पर्ने कागजातहरु/प्रक्रिया	दस्तुर	कार्य सम्पादन गरिने समय
ड	हातहतियार नामासारी, नविकरण र स्वामित्व हस्तान्तरण	१ निवेदन (नमूना बमोजिमको) २ हातहतियार इजाजत पत्र (हतियार समेत) । ३. नामसारीको हकमा मृत्युदर्ता, नाता प्रमाणित, स्थानीय निकायको सिफारिस । ४. स्वास्थ्य स्थिति र चालचलन गतिविधिको सम्बन्धमा सम्बन्धित निकायको सिफारिस ।	➢ रु.१० को टिकट । ➢ नामसारी दस्तुर रु.१०००।- ➢ जिल्ला भित्रको नविकरण दस्तुर रु.१५०।- ➢ अन्तरराज्य भरको लागि दस्तुर रु.३००।- (विलम्ब शुल्कनियमानुसार) ➢ पास बुकको रु ५००।-	"
ढ	शान्ती सुरक्षा सम्बन्धी	१. यथार्थ विवरण सहितको निवेदन । २. नागरिकताको छायाप्रति ।	➢ रु.१० को टिकट ।	दैनिक
ण	शैक्षिक प्रमाण पत्रमा नाम, जन्ममिति र थर सच्याउन (निर्णय पर्चा)	१) एस.एल.सी. परीक्षा उर्तिण भै प्रमाणपत्र पाएको मितिले ६ महिना भित्र निवेदन २) सम्बन्धित गा.पा.र न.पा.को सिफारिश ३) विद्यालयको सिफारिस र फोटो २ प्रति ४) ना.प्र. पत्रको फोटोकपी । ६) शिक्षा विकास तथा समन्वय इकाईको पत्र । ७) शैक्षिक प्रमाणपत्रहरुको फोटोकपी	➢ रु.१० को टिकट ।	प्रक्रिया पुगेकै दिन
त	**CC TV/Camera** जडान जानकारी	१. **CC TV/Camera** जडान गरेको १५ दिन भित्र अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पठाउने ।	➢ **रु.१० को टिकट ।**	
थ	**RPA/Drone** उडान अनुमति लिने सम्बन्धमा ।	१. तोकिएको ढाँचामा चेकलिष्ट सहितको निवेदन । २. दुई केजी भन्दा कम तौल भएको हुनु पर्ने । ३. नेपालमा खरिद गरेको उडान उपकरणको हकमा कर बिजक र विदेशबाट खरिद गरी ल्याएको उपकरणको हकमा भन्सार बिजक । ४. उडान उपकरण सञ्चालनको उद्देश्य । ५. उडान इजाजत पत्रको अवधि इजाजत पत्र जारी भएको मितिबाट बढीमा ३ महिनाको हुनेछ । ६. नागरिक उड्ययन प्राधिकरणमा उपकरण दर्ता गरेको प्रमाण पत्र र प्राधिकरणको उडान सहमति पत्र ७. उडानको स्पष्ट उद्देश्य र उडान गर्न चाहेको क्षेत्र तथा स्थान सम्बन्धी विवरण (**Flight Details, Google/Flight Location Map**), उडान शुरु गर्ने र सम्पन्न गर्ने अवधि खुलेको हुनु पर्नेछ । ८. विदेशी व्यक्ति वा संस्थाको हकमा स्थानीय व्यक्ति वा एजेन्सीलाई दिइएको अधिकार पत्र(**Authorization Letter**) ९. **RPA** उडान गर्ने व्यक्तिको बायोडाटा, नागरिकता वा राहदानी र विदेशी व्यक्तिको हकम **Valid Visa** १०. शर्त पालना सम्बन्धी उडानकर्ताको प्रतिवद्धता ।	➢ **रु.१० को टिकट ।**	**प्रक्रिया पुगेकै दिन**

प्रकाशित पुस्तकहरु







जिल्ला दररेट निर्धारण समिति, बर्दिया

गुलरिया,बर्दिया

आ.व.२०७८/०७९ को स्वीकृत जिल्ला दररेट

गुलरिया, बर्दिया

जिल्ला दररेट निर्धारण समिति, बर्दिया

२०७८



नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार तथा मालपोत कार्यालय

गुलरिया, बर्दिया

लिखत पारित प्रयोजनको लागी

जग्गाको न्यूनतम् मूल्याङ्कन पुस्तिका

२०७८।०७९

जिल्ला प्रशासन कार्यालय, वर्दियाको अनुरोध ।

होम क्वारेन्टाइनमा रहदा अपनाउनु पर्ने व्यवहारहरू

१. **घर वा वासस्थानमा फर्केको दिन देखि १० दिनसम्म इमरजेन्सी स्वास्थ्य सेवा लिने समय वाहेक अन्य समयमा आफ्नो घर वा वासस्थानमा वसी घर वाहिर नजाऔ।**

२.सरकारी कार्यालय, विद्यालय वा सार्वजनिक स्थानमा नजाऔ र सार्वजनिक यातायातको साधन प्रयोग नगरौ । *परिवारका सदस्यहरुबाट अलगै वसौ।(परिवारका अन्य सदस्यहरु भन्दा अलग कोठामा वसौ र उपलव्ध भएसम्म छुट्टै शौचालय र स्नान गृहको प्रयोग गरौ ।)*

४. खाना खाएको भाँडा, गिलास, कप, काँटा, चम्चा, रुमाल, तन्ना जस्ता व्यक्तिगत प्रयोगका सामाग्रीहरु घरका अन्य सदस्यहरुसँग साटफेर नगरौ। आफुले प्रयोग गरेका सवै सामाग्रिहरु सावुनपानीले राम्ररी सफा गरेर घाममा सुकाऔ।

५.घरपरिवारका अन्य सदस्यसँग घरको एउटै कोठामा वस्नु पर्ने अवस्थामा अनिवार्य रुपमा मास्क लगाउनुको साथै अनिवार्य कम्तिमा २ मिटरको भौतिक दुरी कायम गरौ ।

६. खोक्दा वा हाछ्युँ गर्दा नाक र मुख ढाक्औ र तुरुन्तै कम्तिमा पनि २० सेकेन्डसम्म सावुन पानीले मिचिमिचि हात धोऔ ।

७. १००.४ डिग्रि फरेनहाइट भन्दा वढी ज्वरो आउने, खोकी लाग्ने, सास फेर्न गाह्रो महसुस हुने, स्वाद नपाउने लक्षण देखिएमा तत्काल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौ ।





नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया
Google Plus Code: 683V+HM Gulariya

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.०७७/०७८
च.नं.स्था.प्र./

मिति: २०७८/०२/२७

सार्वजनिक हितका लागि जिल्ला प्रशासन कार्यालय, वर्दियाको अनुरोध :

यस वर्षको मनसुन शुरु हुन लागेको अवस्था छ यसले वाढी, पहिरो, डुवानको समस्या ल्याउन सक्छ । साथै वर्दिया राष्ट्रिय निकुञ्ज तथा सीमावर्ती वनक्षेत्रवाट आहाराको खोजीमा वाघ/हात्ती निकुञ्ज नजिकको सडक तथा मध्यवर्ती क्षेत्रमा आवत-जावत गर्ने र मानवीय क्षती समेत पुर्याउने गरेको छ । यसका लागि तपसिल वमोजिम गरी आफू, आफ्नो परिवार र गाउँवस्तीलाई सुरक्षित राख्न जिल्ला प्रशासन कार्यालय, वर्दिया सवैमा हार्दिक अनुरोध गर्दछ ।

तपसिल:

१. वनक्षेत्रमा प्रवेश नगर्ने, वन क्षेत्रका सडकवाट आवागमन गर्दा रात्रीको समयमा तथा एक्लै यात्रा नगर्ने ।
२. वाघ/हात्ती आक्रमणले मानवीय क्षती हुने क्रम वढेकोले यसवाट वच्न वन, राष्ट्रिय निकुञ्ज आदि क्षेत्र नजिक वस्ने आम नागरिकहरु सचेत तथा सुरक्षित रहने ।
३. वर्षायामको शुरुवातसंगै जंगलमा पाइने जंगली च्याउ र पहिचान नभएका सागपातहरु नखाने ।
४. हावा, हुरी, चटयाङवाट वच्न उक्त समयमा सुरक्षित तरिकाले घरभित्रै वस्ने ।
५. मनसुन पूर्वसूचना प्रणालीवाट प्राप्त हुने सन्देश, SMS, साइरन, माइकिङ्ग आदिवाट प्राप्त जोखिमको सूचना वमोजिम तयारी गर्ने । यस्तो अवस्थामा आवश्यक पर्ने सम्पर्क नं., आफ्नो घर नजिकको सुरक्षित स्थान र आश्रयस्थल सम्वन्धी जानकारी प्रत्येक घरमा सवैले देख्ने स्थानमा राख्ने/टाँस्ने वा लेख्ने।
६. कर्णाली, भादा, औरही, वबई, वुढीकुलो लगायतका नदी, खोला नाला तथा ताल पोखरीमा काठ दाउरा समाल, माछा मार्न लगायत विभिन्न वाहानामा जथाभावी नपस्ने ।
७. आफ्नो स्थानमा के के प्रकोपको जोखिम कुन हदसम्म छ भन्ने विषयमा एफ.एम, रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक संजाल लगायतका विभिन्न संचार माध्यमहरुवाट जानकारी लिने ।
८. विपद्को जोखिम रहेको क्षेत्रमा वसोवास गर्ने नागरिकहरुले आफूसंग रहेका खानेकुरा, औषधी र सरसफाई जस्ता अत्यावश्यक सामग्रीहरु स्थानान्तरण गर्न मिल्ने गरी झटपट झोलामा तयारी अवस्थामा राख्ने ।
९. विक्री वितरण गर्न वा घर, पर्खाल लगायत भौतिक संरचना निर्माण गर्न न्याइएका छड, गिट्टी, वालुवा, ढुङ्गा, इट्टा आदि निर्माण सामग्रीहरु सडक किनारा, पेटीमा नराख्ने ।
१०. कोभिड-१९ को महामारी अझै पनि कायमै रहेकोले नेपाल सरकारले तोकेका सवै मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने ।
११. लामखुट्टेवाट वच्न झुल टाँगेर सुत्ने लगायतका सुरक्षाका उपायहरु अपनाउने ।
१२. विषालु सर्पको टोकाईवाट जोगिन आवश्यक सुरक्षा सतर्कता अपनाउने, सर्पले टोकेमा तत्काल सर्पदंश उपचार केन्द्र वा अस्पतालमा पुर्याउने व्यवस्था मिलाउने ।
१३. विपद्को समयमा वालवालिका, ज्येष्ठनागरिक, अशक्त अपाङ्गता भएका व्यक्तिहरु र गर्भवती महिलाहरुलाई विशेष ध्यान पुर्याउने ।
१४. कुनै पनि विपद्को घटना घटेको वा घट्न सक्ने सम्भावना वा सूचना प्राप्त भएमा तत्काल नजिकको सुरक्षा निकाय, स्थानीय तह वा ०८४४२०९९९ (DEOC) वा १०० (नेपाल प्रहरी) मा सम्पर्क गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया
Google Plus Code: 683V+HM Gulariya

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.०७७/०७८
च.नं.स्था.प्र./

मिति: २०७८/०२/२७

सार्वजनिक हितका लागि जिल्ला प्रशासन कार्यालय, वर्दियाको अनुरोध :

यस वर्षको मनसुन शुरु हुन लागेको अवस्था छ यसले वाढी, पहिरो, डुवानको समस्या ल्याउन सक्छ । साथै वर्दिया राष्ट्रिय निकुञ्ज तथा सीमावर्ती वनक्षेत्रवाट आहाराको खोजीमा वाघ/हात्ती निकुञ्ज नजिकको सडक तथा मध्यवर्ती क्षेत्रमा आवत-जावत गर्ने र मानवीय क्षती समेत पुर्याउने गरेको छ । यसका लागि तपसिल वमोजिम गरी आफू, आफ्नो परिवार र गाउँवस्तीलाई सुरक्षित राख्न जिल्ला प्रशासन कार्यालय, वर्दिया सवैमा हार्दिक अनुरोध गर्दछ ।

तपसिल:

१. वनक्षेत्रमा प्रवेश नगर्ने, वन क्षेत्रका सडकवाट आवागमन गर्दा रात्रीको समयमा तथा एक्लै यात्रा नगर्ने ।
२. वाघ/हात्ती आक्रमणले मानवीय क्षती हुने क्रम वढेकोले यसवाट वच्न वन, राष्ट्रिय निकुञ्ज आदि क्षेत्र नजिक वस्ने आम नागरिकहरु सचेत तथा सुरक्षित रहने ।
३. वर्षायामको शुरुवातसंगै जंगलमा पाइने जंगली च्याउ र पहिचान नभएका सागपातहरु नखाने ।
४. हावा, हुरी, चटयाङवाट वच्न उक्त समयमा सुरक्षित तरिकाले घरभित्रै वस्ने ।
५. मनसुन पूर्वसूचना प्रणालीवाट प्राप्त हुने सन्देश, SMS, साइरन, माइकिङ्ग आदिवाट प्राप्त जोखिमको सूचना वमोजिम तयारी गर्ने । यस्तो अवस्थामा आवश्यक पर्ने सम्पर्क नं., आफ्नो घर नजिकको सुरक्षित स्थान र आश्रयस्थल सम्वन्धी जानकारी प्रत्येक घरमा सवैले देख्ने स्थानमा राख्ने/टाँस्ने वा लेख्ने।
६. कर्णाली, भादा, औरही, वबई, वुढीकुलो लगायतका नदी, खोला नाला तथा ताल पोखरीमा काठ दाउरा समाल, माछा मार्न लगायत विभिन्न वाहानामा जथाभावी नपस्ने ।
७. आफ्नो स्थानमा के के प्रकोपको जोखिम कुन हदसम्म छ भन्ने विषयमा एफ.एम, रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक संजाल लगायतका विभिन्न संचार माध्यमहरुवाट जानकारी लिने ।
८. विपद्को जोखिम रहेको क्षेत्रमा वसोवास गर्ने नागरिकहरुले आफूसंग रहेका खानेकुरा, औषधी र सरसफाई जस्ता अत्यावश्यक सामग्रीहरु स्थानान्तरण गर्न मिल्ने गरी झटपट झोलामा तयारी अवस्थामा राख्ने ।
९. विक्री वितरण गर्न वा घर, पर्खाल लगायत भौतिक संरचना निर्माण गर्न न्याइएका छड, गिट्टी, वालुवा, ढुङ्गा, इट्टा आदि निर्माण सामग्रीहरु सडक किनारा, पेटीमा नराख्ने ।
१०. कोभिड-१९ को महामारी अझै पनि कायमै रहेकोले नेपाल सरकारले तोकेका सवै मापदण्डहरु पूर्ण रुपमा पालना गर्ने ।
११. लामखुट्टेवाट वच्न झुल टाँगेर सुत्ने लगायतका सुरक्षाका उपायहरु अपनाउने ।
१२. विषालु सर्पको टोकाईवाट जोगिन आवश्यक सुरक्षा सतर्कता अपनाउने, सर्पले टोकेमा तत्काल सर्पदंश उपचार केन्द्र वा अस्पतालमा पुर्याउने व्यवस्था मिलाउने ।
१३. विपद्को समयमा वालवालिका, ज्येष्ठनागरिक, अशक्त अपाङ्गता भएका व्यक्तिहरु र गर्भवती महिलाहरुलाई विशेष ध्यान पुर्याउने ।
१४. कुनै पनि विपद्को घटना घटेको वा घट्न सक्ने सम्भावना वा सूचना प्राप्त भएमा तत्काल नजिकको सुरक्षा निकाय, स्थानीय तह वा ०८४४२०९९९ (DEOC) वा १०० (नेपाल प्रहरी) मा सम्पर्क गर्ने ।